ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०६-२०८२।०८३ बैठक मिति: २०८२।१०।१८

आज मिति २०८२/१०/१८ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

तपसिल

| नाम थर | पद |
|---|---|
| ........... मंगल सिह धामी | अध्यक्ष |
| ........... विनोद सिह कुँवर | सदस्य |
| ........... अशोक सिह बोहरा | सदस्य |
| ........... धिरन सिह बुढाथोकी | सदस्य |
| ........... उपेन्द्र सिह धामी | सदस्य |
| ........... झुन सिह विष्ट | सदस्य |
| ........... बिर सिह धामी | सदस्य |
| ........... राजेन्द्र सिह कुँवर | सदस्य |
| ........... अस्पाल सिह बुढाथोकी | सदस्य |
| ........... आस्मती विसि | सदस्य |
| ........... कलम राम भूल | सदस्य |
| ........... कलावती डडाल | सदस्य |
| ........... धाना देबी बम | सदस्य |
| ........... पुर्णिमा ऐतवाल | सदस्य |
| ........... कृष्णानन्द बडू | सदस्य सचिव |

अन्य उपस्थिति

| | |
|---|---|
| ...........नन्दन सिह धामी | अधिकृत छैटौं |
| ........... गोपाल सिह विष्ट | लेखा अधिकृत |

प्रस्तावहरु:

१. कर्मचारीहरुको जिम्मेवारी बाँडफाड सम्बन्धमा ।

२. जिन्सी समाग्री बरबुझारथ गर्ने सम्बन्धमा ।

३. उजुरी प्रशासक व्यवस्थापन सम्बन्धमा ।

४. खाजा/ नास्ता समय तोक्ने सम्बन्धमा ।

५. डिजिटल भिलेज प्रोफाइलको कार्य अगाडी बढाउने सम्बन्धमा ।

६. आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रम निरन्तरता दिने सम्वन्धमा ।

७. राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रमको लागि लाभग्राही छनौट गर्ने सम्वन्धमा ।

८. बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।

९. अपिनम्पा क्यापस हुतीको नयाँ भवनमा विद्युतिकरण सम्बन्धमा।

१०.विज्ञान प्रयोगशाला तथा ICT व्यवस्थापन सम्बन्धमा ।

११.दीर्घ रोगीहरुलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

१२. शिवरात्री मेला व्यवस्थापन वडा नं. ३ तातोपानी ।

१३. डि.पि.आर तयार गर्ने सम्बन्धमा।

१४. एम्बुलेन्स मर्मतका लागि गाडी भाडा सम्बन्धमा ।

१५. आयोजनाको म्याद थप सम्बन्धमा ।

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यालयको सार्वजनिक सेवालाई चुस्त दुरुस्त बनाउन गाउँपालिकामा कार्यरत देहायका कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्मका लागि तपसिल बमोजिमको थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

| क्र.स. | कर्मचारीको नाम | पद | जिम्मेवारी दिइएको शाखा |
|---|---|---|---|
| १. | जगदिश प्रसाद बडू | खा.पा.स.टे. | राजश्व शाखा |
| २. | | | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| ३. | शेर सिह कुँवर | का.स. | पूर्वाधार विकास शाखा |

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा करार अवधि समाप्त भइ अत्यन्तै जानु भएका देहाय बमोजिमका कर्मचारीहरुलाई उहाँहरुको जिम्मामा रहेको कार्यालयको ल्यापटप तथा अन्य जिन्सी सामग्री १० दिन भित्र ब्याँस गाउँकार्यपालिकाको कार्यालय सुन्सेरामा अनिवार्य रुपमा बुझाउन पत्राचार गर्ने । तोकिएको समयभित्र आफ्नो जिम्मामा रहेको जिन्सी समाग्री नबुझाएमा प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रकिया अगाडि बढाउने निर्णय गरियो।

| क्र.स. | कर्मचारीको नाम थर | पद | बुझाउन बाकी जिन्सी समाग्रीको विवरण |
|---|---|---|---|
| १. | रमेश दत्त भट्ट | रोजगार संयोजक | ल्यापटप |
| २. | अकवर सिह धामी | सहायक कम्प्युटर अपरेटर | |
| ३. | मोहन सिह विष्ट | प्राविधिक सहायक | |
| ४. | प्रेम सिह खाती | सामाजिक परिचालक | |

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकामा कर्मचारी अभावका कारण श्री रांकदेव/आ.वि.......... विद्यालयमा कार्यरत सहजकर्ता शिक्षक श्री कम्मान सिह कुँवरलाई अर्को व्यवस्था नभएसम्मका लागि ब्याँस गाउँकार्यपालिकाको कार्यालय सुन्सेरामा न्यायिक समिति अन्तर्गत उजुरी प्रशासकको काम गर्ने गरी काजमा खटाउने निर्णय गरियो।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ब्याँस गाउँकार्यपालिकाको कार्यालय सुन्सेरामा कार्यरत सम्पूर्ण कर्मचारीहरुका लागि खाजा/नास्ता खाने समय दिउसो १:०० बजे देखि १:३० बजेसम्म कायम गर्ने साथै अत्यावश्यक सेवा प्रवाहमा संलग्न कर्मचारीहरुले सेवामा अवरोध नहुने गरी पालो मिलाई उक्त समय प्रयोग गर्नुपर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ब्यााँस गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइल निर्माण कार्यका लागि छनौट भई सम्झौता भएको संस्था हालसम्म पनि पटक पटक सम्पर्क प्रयास गर्दा पनि सम्पर्कमा नआएको, सम्झौता बमोजिम कार्य नगरेको तथा समयसीमा भित्र कार्य प्रगतिमा कुनै चासो नदेखाएको अवस्था रहेकोले उक्त संस्था संग भएको सम्झौता सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ बमोजिम रद्ध गरि डिजिटल भिलेज प्रोफाइल निर्माण कार्यलाई अविलम्ब अगाडि बढाउन आवश्यक प्रक्रिया(नयाँ सूचना/पुनः खरिद प्रक्रिया) शुरु गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/८३ नेपाल सरकार-शसर्त अनुदान अन्तर्गत "आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रम निरन्तरता- ६ लाख" कार्यक्रमलाई कृषि आधुनिकिकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल २०७७, बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/८३ नेपाल सरकार-शसर्त अनुदान अन्तर्गत "राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम- ८,७५०००" कार्यक्रममा यस यस कार्यालयमा रीत पूर्वक पेश हुन आएका प्रस्तावहरु प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा श्री शैल्य मालिकार्जुन राष्ट्रिय धाममा शिवपुराण महायज्ञ मुल आयोजक समिति मड दार्चुलाले मिति २०८२ माघ २२ देखि २०८२ फागुन ३ गतेसम्म संचालन गरिने शिवपूराण महायज्ञ सञ्चालन तथा व्यवस्थापनका लागि आर्थिक सहयोग उपलब्ध गराइ पाउ भनी यस कार्यालयमा निवेदन पेश गरेकोले उक्त कार्यको लागि चालु आ.व. २०८२/८३ मा ब्याँस गाउँपालिकाको विविध कार्यक्रम खर्च शिर्षकबाट रु ३०,००० विनियोजन गरि सम्बन्धित समितिलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा कार्यान्वयन भएको अपिनाम्पा क्याम्पस पर्खाल निर्माण – १५ लाख को कन्टेन्जेन्सी रकम उपयोग गर्ने सम्बन्धमा छलफल गर्दा क्याम्पसको नव-निर्मित भवनमा विधुतिकरण आवश्यक देखिएकोले कन्टेन्जेसी रकमबाट खर्च हुने गरी उक्त भवनमा विधुतिकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको चालु आ.व. २०८२/८३ वार्षिक स्वीकृत कार्यक्रम विद्यालयमा विज्ञान प्रयोगशाला तथा व्यवस्थापन अनुदान तर्फ यस ब्याँस गाउँपालिकाको मिति २०८२/१०/०२ गते प्रकाशित गर्ने सूचना बमोजिम आवश्यक मापदण्ड पुरा गरेको तथा यसभन्दा पहिला यस्तो प्रकृतिको कुनै पनि कार्यक्रम प्राप्त नगरेकोले विद्यालय स्व-घोषणा तथा यस कार्यालयको अभिलेख अनुसार श्री दुर्गा मा.वि. स्याँकु ब्याँस-५ दार्चुलालाई छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ब्याँस गाउँपालिका अन्तर्गत रहेका मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका दीर्घ रोगीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम मासिक रु ५ हजार स्रोत भर्ना हुने गरी ब्याँस गाउँपालिकाको चालु आ.व. २०८२/८३ अन्तर्गत विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. ३ मा मनाइने शिवरात्री मेला व्यवस्थापनका लागि ब्याँस गाउँपालिकाको चालु आ.व. २०८२/८३ अन्तर्गत विविध कार्यक्रम खर्च शिर्षकबाट रु १,००,००० रकम विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको चालु आ.व. २०८२/८३ अन्तर्गत सेवा र परामर्श खर्च शिर्षकबाट तपसिल बमोजिमका आयोजनाहरुको डि.पि.आर तयार गर्ने निर्णय गरियो।

| क्र.स. | आयोजनाको नाम | ठेगाना | बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | ब्याँस गा.पा.१ नं. वडा कार्यालय भवन निर्माण | खलङ्गा | ५,००,००० | |
| २. | तिंकर देखि छयाङ्गसम्म पदमार्ग निर्माण | ब्याँस-१ | ५,००,००० | |

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको मातहतमा संचालित एम्बुलेन्स (नं....................) मिति २०८१ पौष महिनामा ब्याँस ३ गल्थामा दुर्घटना पश्चात विग्रिएको हुदाँ उक्त एम्बुलेन्स मर्मतका लागि धनगढीसम्म पुगाउन सवारी साधन मर्मत खर्च शिर्षकबाट रु १,००,००० रकम विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा ब्याँस गाउँपालिकाबाट निर्माणाधिन "तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल" आयोजनाको कार्य विविध कारणले सम्झौता समयभित्र सम्पन्न गर्न नसकिने अवस्था रहेकोले उक्त आयोजना सम्पन्न गर्ने म्याद मिति २०८२/१२/१५ गते सम्म थप गर्ने निर्णय गरियो।